नेपाली

Vol.50 | 2025.07

विभिन्न देशका बिदेसीहरुको लागि समाचार

# Ota City Navigation







## इभेन्ट गर्मी बिदा अध्ययन क्लास सँगै गर्मी बिदाको गृहकार्य गरौं!

जापानी भाषा अध्ययन गरिरहेका प्राथमिक विद्यालय ग्रेड 3 का विद्यार्थीहरू~निम्न माध्यमिक विद्यालय ग्रेड 3 का विद्यार्थीहरूको लागि "गर्मी बिदा अध्ययन क्लास" को आयोजना गरिनेछ।
हाम्रो संघको तालिम पूरा गरेका स्वयंसेवकहरूले जापानी भाषा प्रति चिन्ता भएका बालबालिकाहरूको गर्मी बिदाको गृहकार्यमा सहयोग गर्नेछन्।
सँगै गर्मी बिदाको गृहकार्य गरौं!

●दायरामा पर्ने व्यक्तिहरू

- सहर भित्र बसोबास अथवा अध्ययन गर्ने विदेशी राष्ट्रसँग सम्बन्ध भएका प्राथमिक विद्यालय ग्रेड 3 का विद्यार्थीहरू~निम्न माध्यमिक विद्यालय ग्रेड 3 का विद्यार्थीहरू

2025 साल अगस्ट 5 तारिख (मंगलबार), 6 तारिख (बुधबार), 7 तारिख (बिहीबार)　1:30 pm~3:30 pm

ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota) (ओता सहर कामाता 4-16-8 2F)

निशुल्क

20 जना

अन्तर्राष्ट्रिय सहर ओता संघको वेबसाइटको आवेदन फाराम

(सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघ

☎ 03-6410-7981　Fax 03-6410-7982

Email: mail@ota-goca.or.jp

## इभेन्ट बाल अध्ययन सहयोग क्लास

यो क्लास जापानी भाषा अध्ययन गरिरहेका प्राथमिक तथा निम्न माध्यमिक विद्यालयका विद्यार्थीहरूको लागि हो। जापानी भाषा नबुझेर विद्यालयको गृहकार्य र पढाइ गाह्रो भइरहेको व्यक्तिहरू अवश्य पनि आउनुहोस्। वयस्क स्वयंसेवकहरूसँग अध्ययन गर्नुहोस्।

विस्तृत जानकारीको लागि तलको पृष्ठ हेर्नुहोस्।▶

····कहिले　····रकम　····कति जना　····कहाँ　····आवेदन दिने तरिका　····आवेदन दिने ठाउँ　····सम्पर्क

## बाल अध्ययन सहयोग क्लास भनेको के हो?

● क्लासमा गर्न सक्ने कुराहरू
- गृहकार्य सहायता
- किताबको भाषा र शब्दहरूको अध्ययन
- जापानी भाषा प्रयोग गरिएको अध्ययन गतिविधि आदि

● दायरामा पर्ने व्यक्तिहरू
तलका सबैमा पर्ने बालबालिकाहरू:
- प्राथमिक विद्यालय ग्रेड 1 को विद्यार्थी~निम्न माध्यमिक विद्यालय ग्रेड 3 को विद्यार्थी
- ओता सहरको प्राथमिक तथा निम्न माध्यमिक विद्यालयमा अध्ययन गरिरहेको विद्यार्थी
- जापानी भाषा अध्ययन गर्न गरिरहेको व्यक्ति


©Ota City

2025 साल सेप्टेम्बर 24 तारिख, अक्टोबर 1 तारिख, 8 तारिख, 15 तारिख र 22 तारिख, नोभेम्बर 5 तारिख, 12 तारिख, 19 तारिख र 26 तारिख, डिसेम्बर 3 तारिख
(हरेक हप्ता बुधबार, कुल 10 पटक)
क्लास 1 (प्राथमिक विद्यालय ग्रेड 1 को विद्यार्थी~प्राथमिक विद्यालय ग्रेड 5 को विद्यार्थी) 3:45 pm~4:45 pm
क्लास 2 (प्राथमिक विद्यालय ग्रेड 6 को विद्यार्थी~निम्न माध्यमिक विद्यालय ग्रेड 3 को विद्यार्थी) 3:45 pm~5:15 pm
*परामर्श गरेर क्लास निर्धारण गर्न सकिन्छ।

ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota) (ओता सहर कामाता 4-16-8 2F)

निशुल्क

20 जना

①अन्तर्राष्ट्रिय सहर ओता संघको वेबसाइट
②काउन्टर अन्तर्राष्ट्रिय सहर ओता संघ
(ओता सहर कामाता 4-16-8 2F ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota))
③Email: mail@ota-goca.or.jp
④Fax 03-6410-7982

(सामान्य सम्मिलित संस्था)
अन्तर्राष्ट्रिय सहर ओता संघा
☎ 03-6410-7981
Fax 03-6410-7982
Email: mail@ota-goca.or.jp

# प्रक्रिया नागरिक पेन्सन बिमा शुल्क छुट आवेदनबारे

नागरिक पेन्सन बिमा शुल्क भुक्तानी गर्न कठिनाइ भएको बेलाको लागि छुट प्रणालीको व्यवस्था छ।

आवेदनको लागि आफ्नो परिचय खुल्ने कागजात, आधारभूत पेन्सन नम्बर सूचना पत्र आदि आवश्यक पर्नेछ। आवेदन पछि पेन्सन कार्यालयले सम्बन्धित व्यक्ति, पति वा पत्नी र घरमूली प्रत्येकको अघिल्लो वर्षको आयको छानबिन गर्नेछ।

स्वीकृत गरिएमा नागरिक पेन्सन बिमा शुल्कको सम्पूर्ण रकम अथवा केही अंश छुट गरिनेछ।

छुट आवेदनको दायरामा पर्ने अवधि 2 वर्ष 1 महिना अघिसम्म।

हरेक वर्ष आवेदन आवश्यक पर्नेछ।

नबुझेको खण्डमा ओता सहरको वेबसाइट हेर्नुहोस्।

काउन्टर अथवा हुलाक

नागरिक स्वास्थ्य बिमा तथा पेन्सन शाखा नागरिक पेन्सनको जिम्मेवार कर्मचारी
(〒144-8621 ओता सहर कामाता 5-13-14 ओता सहर कार्यालय 3F 12 नम्बर काउन्टर)
☎ 03-5744-1214
सोमबार~शुक्रबार 8:30 am~5:00 pm
ओता पेन्सन कार्यालय
(〒144-0035 ओता सहर मिनामी कामाता 2-16-1 टेक्नोपोर्ट कामाता सेन्टर बिलडिङ 3F)
☎ 03-3733-4141
सोमबार 8:30 am~7:00 pm,
मंगलबार~शुक्रबार 8:30 am~5:15 pm,
दोस्रो शनिबार 9:30 am~4:00 pm

## प्रक्रिया निवासी कर भुक्तानीबारे

चरण 2 को विशेष सहर निवासी कर, जिल्ला निवासी कर (निवासी कर) र वन तथा वातावरण करको भुक्तानी म्याद 2025 साल सेप्टेम्बर 1 तारिख (सोमबार) हो। म्यादसम्ममा भुक्तानी गर्नुहोस्।
कर सम्बन्धी विस्तृत जानकारीको लागि ओता सहरको वेबसाइट हेर्नुहोस्।

सम्पर्क स्थानको लागि तपाईंले प्राप्त गर्नुभएको सूचना हेर्नुहोस्।

☎ कर भुक्तानी शाखा

| | |
|---|---|
| ओमोरी क्षेत्र | 03-5744-1200 |
| च्योफु क्षेत्र | 03-5744-1201 |
| कामाता क्षेत्र | 03-5744-1202 |
| ओता सहर बाहिर | 03-5744-1203 |
| Fax | 03-5744-1517 |

## सूचना 2025 साल राष्ट्रिय जनगणना

### ● जनगणनाको बारेमा

2025 साल अक्टोबर 1 तारिखलाई आधार मिति बनाएर देशभर एकैसाथ राष्ट्रिय जनगणना गरिनेछ। जापानमा बसोबास गर्ने सबै उमेर र राष्ट्रका व्यक्तिहरू यस जनगणनाको लक्षित समूहमा पर्दछन्। जनगणनाको नतिजा देश र स्थानीय सार्वजनिक संस्थाहरूले सामना गर्ने चुनौतीहरूको आधारभूत जानकारी हुनेछ। सबैजनाले सहयोग गर्नुहुन अनुरोध गर्दछौं।

### ● जनगणना गर्ने तरिका र अवधि

2025 साल सेप्टेम्बरको पहिलो हप्तादेखि गणकहरू जनगणनाको कागजात वितरण गर्न जानेछन्।
इन्टरनेट वा जनगणनापत्र (पेस गर्ने खाम पनि समावेश हुनेछ) मध्ये कुनै एकद्वारा जवाफ दिनुहोस्।
जवाफ दिने अवधि 2025 साल सेप्टेम्बर 20 तारिख (शनिबार) देखि अक्टोबर 8 तारिख (बुधबार) सम्म रहेको छ।

ओता सहर राष्ट्रिय जनगणना कल सेन्टर
☎ 03-6629-8566

स्थापना अवधि
2025 साल सेप्टेम्बर 10 तारिख~
अक्टोबर 24 तारिख
(सेप्टेम्बर 15 र अवधि भित्रको आइतबार बाहेक)
सोमबार~शुक्रबार 9:00 am~7:00 pm
शनिबार र सार्वजनिक बिदाको दिन
9:00 am~5:00 pm



©Ota City

## सूचना निशुल्क व्हीलचेयर प्रयोग गर्न दिइन्छ।

ओता सहरमा बसोबास गरिरहेका सबै उमेरका व्यक्तिहरूलाई अपाङ्गता भए तापनि, नभए तापनि, छोटो अवधि अथवा अचानक व्हीलचेयर आवश्यक परेको अवस्थामा निशुल्क व्हीलचेयर प्रयोग गर्न दिइन्छ। प्रयोग विधि सम्बन्धी विस्तृत जानकारीको लागि वेबसाइट हेर्नुहोस्।

**भाडामा दिने अवधि:** आवश्यक अवधि (2 महिनासम्म)

समाज कल्याण संस्था ओता सहर समाज कल्याण परिषद (ओता सहर निसी कामाता 7-49-2 ओता सहर समाज कल्याण केन्द्र 5F)

निशुल्क (प्रयोगको लागि आवेदन दिएको व्यक्ति स्वयम्ले डेलिभरी र सङ्कलन गर्नुहोस्।)

समाज कल्याण संस्था ओता सहर समाज कल्याण परिषद
ओता क्षेत्रीय सहजीवन भोलेन्टियर सेन्टर
सोमबार~शनिबार (आइतबार, सार्वजनिक बिदाको दिन र वर्षको अन्त्य तथा सुरुको अवधि बाहेक)
8:30 am~5:15 pm
☎ 03-3736-5555　Fax 03-3736-5590
Email: voc@ota-shakyo.jp

## इभेन्ट तेस्रो संग्रह सामग्रीहरू प्रदर्शनी संरक्षण गरी बताइँदै आएको काइस्युको ऐतिहासिक सम्पदा

2019 साल सेप्टेम्बर 7 तारिखको उद्घाटन पछि धेरै व्यक्तिहरूले गर्नुभएको दानद्वारा सङ्कलन तथा पुनर्स्थापना गरिएका सामग्रीहरू मध्येका रोचक सामग्री लगायत अप्रकाशित सामग्रीहरूबारे जानकारी दिइनेछ।

2025 साल जुलाई 11 तारिख (शुक्रबार)~2025 साल नोभेम्बर 9 तारिख (आइतबार)
10:00 am~6:00 pm
*भवन बन्द रहने दिन: सोमबार (सार्वजनिक बिदाको खण्डमा भोलिपल्ट)

काचु काइस्यु स्मारक भवन
(ओता सहर मिनामिसेन्जोकु 2-3-1)

सामान्य टिकट 300 येन, प्राथमिक तथा निम्न माध्यमिक विद्यालयको विद्यार्थीको लागि 100 येन (विभिन्न प्रकारका छुटहरू उपलब्ध छन्)

काचु काइस्यु स्मारक भवन
☎ 03-6425-7608 Fax 03-6425-7610



## इभेन्ट ओता सहर शान्ति सहर घोषणा स्मारक कार्यक्रम "शान्ति सभा"

ओता सहरमा युवा पुस्तालाई शान्तिको बहुमूल्यता र महत्त्व बुझाउने र भविष्यमा पनि युद्ध बिनाको शान्तिपूर्ण सहरलाई कायम राख्ने उद्देश्यका साथ "शान्ति सभा" को आयोजना गरिन्छ।

[शान्ति स्मारक समारोह आदि]
शान्ति स्मारक समारोह, शान्ति प्यानल प्रदर्शनी, वर्कसप आदि

[शान्ति प्रार्थना हानाबी (आतसबाजी)]
हानाबी (आतसबाजी) प्रर्दशन

शान्ति स्मारक समारोह आदि 2025 साल अगस्ट 15 तारिख (शुक्रबार) (10:00 am~)
शान्ति प्रार्थना हानाबी (आतसबाजी) 2025 साल अगस्ट 28 तारिख (बिहीबार) (7:00 pm~)
*मौसम खराब भएमा शान्ति प्रार्थना हानाबी (आतसबाजी) रद्द गरिनेछ।

शान्ति स्मारक समारोह आदि
ओता कुमिन हल, आपुरिको (ओता सहर कामाता 5-37-3)
शान्ति प्रार्थना हानाबी (आतसबाजी)
तामागावा नदीको किनार (ओता सहर निसिरोकुगो 4 च्योमे नजिक)

सांस्कृतिक कला प्रवर्द्धन शाखा
☎ 03-5744-1226 Fax 03-5744-1539

हामीले यो जानकारीपत्र 1 वर्षमा 8 पटक प्रकाशन गरिरहेका छौं। यो जानकारीपत्र पुस्तकालय, बाल भवन, विशेष उपशाखा जस्ता ओता सहरका सुविधाहरू र JR कामाता, ओमोरी, केइक्यु जोसिकी जस्ता सहर भित्रका स्टेसनहरूमा वितरण गरिन्छ।

प्रकाशन ओता सहर, स्थानीय गतिविधि प्रवर्द्धन शाखा
सहरवासी-प्रशासन सहकार्य, बहुसांस्कृतिक सहजीवन कर्मचारी
ठेगाना 〒144-0052 ओता सहर कामाता 4-16-8 2F
ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota) भित्र
☎ 03-5744-1227 Fax 03-5744-1323

▼ विदेशी नागरिकहरूको लागि जानकारी (131 भाषाहरूमा उपलब्ध छ)

▼ बहुभाषी परामर्श काउन्टर

ब्याक नम्बर हेर्न सकिन्छ। ▶